दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २२१ | बुटवल | २०८३ भदौ ०५ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday August 21, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

# सिजन सकिँदा पनि नुरुधिन शाहको बगैँचामा पाक्दैछ अल्फान्जो

## १५ कठाबाट सुरु भएको आँप खेती अहिले २० बिघाको कृषि साम्राज्यमा फैलिएको छ।

**लुम्बिनी संवाददाता**

*बुटवल*





बजारमा आँपको मुख्य सिजन सकिँदैछ। केही साताअघिसम्म सडकछेउ, बजार र फलफूल पसलमा बाक्लै देखिने आँपको थुप्रो अहिले पातलिँदै गएको छ। किसानका बगैँचामा पनि अधिकांश आँप टिपिइसकेका छन्। तर रुपन्देहीको सुद्धोधन गाउँपालिका-२ मा रहेको शाह एग्रो फार्ममा भने अहिले पनि आँप टिप्ने र बजार पठाउने क्रम रोकिएको छैन।

फार्मको बगैँचामा पुग्दा अरू प्रजातिका आँपको तुलनामा केही फरक देखिन्छ। रुखका हाँगामा अझै फल झुन्डिएका छन्। कतिपय पहेँलिँदैछन्, कतिपय पाक्ने क्रममा छन्। बजारमा सामान्य आँपको सिजन सकिँदै गर्दा अल्फान्जोले नुरुधिन शाहलाई अर्को चरणको बजार दिएको छ। ढिलो पाक्ने यो प्रजातिको आँप अहिले पनि फार्मबाट बजारमा गइरहेको छ। शाहका अनुसार अल्फान्जो प्रतिकिलो करिब ३ सय रुपैयाँमा बिक्री भइरहेको छ।

"अरू आँपको सिजन सकिँदै गर्दा अल्फान्जो बजारमा जान थालेको छ। मूल्य पनि राम्रो छ।"- फार्म सञ्चालक शाह भन्छन्। शाहका लागि यो मूल्य मात्रै उत्साहको विषय होइन। उनले वर्षौंअघि सुरु गरेको आँप खेतीको एउटा प्रयोगले व्यावसायिक सम्भावना देखाएको विषय पनि हो।

**१५ कठाबाट सुरु भएको सपना**

नुरुधिन शाहले कृषि सुरु गर्दा उनको हातमा ठूलो जमिन थिएन। करिब १५/१६ कठा क्षेत्रफलबाट उनले खेती सुरु गरेका थिए। सुरुवात सामान्य कृषि गतिविधिबाट भयो। तर खेती गर्दै जाँदा उनलाई एउटा कुरा बुझ्न समय लागेन–परम्परागत तरिकाले मात्रै खेती गरेर कृषि व्यवसायलाई टिकाउ बनाउन कठिन हुन्छ।

त्यसपछि उनले उत्पादन बढाउनेसँगै कृषिलाई विविधीकरण गर्ने योजना बनाए। बिस्तारै जमिन थपिँदै गयो। नयाँ बाली थपिँदै गए। फलफूलसँगै पशुपन्छी पालन सुरु भयो। एउटा उत्पादनमा आएको समस्या अर्को उत्पादनबाट पूर्ति गर्न सकियोस् भन्ने सोचले उनले फार्ममा विभिन्न कृषि गतिविधि जोड्दै लगे। आज त्यही १५/१६ कठाबाट सुरु भएको कृषि यात्रा करिब २० बिघा क्षेत्रफलमा फैलिएको छ।

फार्ममा अहिले करिब ३ हजार आँपका रुख छन्। आँपसँगै विभिन्न प्रजातिका फलफूल, तरकारी तथा पशुपन्छी पालन भइरहेको छ। भैँसी, बाख्रा, लोकल कुखुरा, हाँस, खरायो, लौकाट, कालिजलगायतका पशुपन्छी पनि फार्ममा पालिएका छन्। कृषि अब शाहका लागि बाली लगाउने र उत्पादन बेच्ने काम मात्रै रहेन। यो उनको व्यवसाय बनेको छ।

**आँपको बगैँचाले बदलिएको कृषि यात्रा**

शाह एग्रो फार्ममा विभिन्न उत्पादन छन्। तर फार्ममा प्रवेश गर्नेबित्तिकै सबैभन्दा बढी ध्यान खिच्ने बगैँचा भने आँपकै हो।

लहरै उभिएका आँपका रुख, हाँगामा झुन्डिएका फल र बगैँचाभरि फैलिएको हरियालीले फार्मको स्वरूप नै बदलिएको छ। शाहले विभिन्न प्रजातिका आँप लगाएका छन्। त्यसमध्ये अहिले उनको विशेष चासो अल्फान्जोमा छ। अल्फान्जो विश्वका चर्चित आँपका प्रजातिमध्ये पर्ने उनको भनाइ छ। यसको स्वाद, आकार, भण्डारण गर्न सकिने क्षमता र ढिलो पाक्ने विशेषताका कारण व्यावसायिक खेतीका लागि उपयुक्त हुने उनको अनुभव छ। तराईको हावापानीमा पनि अल्फान्जो राम्रोसँग उत्पादन हुन सक्ने उनले आफ्नै बगैँचामा परीक्षण गरिसकेका छन्। "अल्फान्जो स्वादिलो छ। केही समय राख्न पनि सकिन्छ। सबैभन्दा राम्रो कुरा, अरू आँपको सिजन सकिँदै गर्दा पनि यसको बिक्री गर्न सकिन्छ।"- शाह भन्छन्।

यही अनुभवका कारण अब उनी अल्फान्जोको खेती आफ्नै फार्ममा मात्र सीमित राख्ने पक्षमा छैनन्।

**किसानलाई अल्फान्जोको बिरुवा दिने तयारी**

अहिले शाह एग्रो फार्ममा अल्फान्जोका बिरुवा पनि तयार पारिँदैछन्। व्यावसायिक रूपमा आँप खेती गर्न चाहने किसानलाई अल्फान्जोको बिरुवा उपलब्ध गराउने उनको योजना छ। फार्ममा परीक्षणबाट आफूले राम्रो परिणाम पाएको प्रजाति अरू किसानसम्म पुऱ्याउन सके आँप खेती विस्तारमा सहयोग पुग्ने उनको विश्वास छ। किसानले परम्परागत रूपमा एउटै समयमा पाक्ने आँपका प्रजातिमा मात्रै निर्भर हुनुभन्दा फरक समयमा उत्पादन हुने प्रजाति छनोट गर्न सके बजार व्यवस्थापनमा पनि सहज हुने उनको बुझाइ छ।

अल्फान्जोको उत्पादन र बजारको अनुभवले उनलाई यही सम्भावनातर्फ अघि बढाएको हो।

**'एउटै उत्पादनमा भर पर्दा जोखिम हुन्छ'**

कृषिमा एउटा बाली असफल हुँदा किसानको आम्दानीमा ठूलो असर पर्न सक्छ। कहिले मौसमले साथ दिँदैन, कहिले रोग तथा किराको समस्या आउँछ, कहिले बजारमा मूल्य घट्छ। शाहले यसको विकल्प बहुआयामिक कृषिमा देखेका छन्। त्यसैले उनले आँपसँगै अन्य फलफूल, तरकारी र पशुपन्छी पालनलाई एउटै फार्ममा जोडेका छन्।

आँपबाट वर्षको निश्चित समयमा आम्दानी हुन्छ। तर दूध दैनिक बिक्री गर्न सकिन्छ। पशुपन्छीबाट पनि फरक समयमा आम्दानी हुन्छ। तरकारीले अर्को आम्दानीको बाटो खोल्छ।

यसरी एउटै फार्ममा विभिन्न उत्पादन राख्दा एउटा उत्पादनमा आएको जोखिम अर्को उत्पादनले धान्न सक्ने शाहको अनुभव छ। "एउटै कुरामा मात्रै निर्भर हुँदा जोखिम बढी हुन्छ। विभिन्न उत्पादन गरे एउटा क्षेत्रमा समस्या आउँदा अर्कोबाट आम्दानी हुन्छ।"-उनी भन्छन्।

**२० जनालाई रोजगारी, वार्षिक ६० लाखको कारोबार**

शाह एग्रो फार्मको विस्तारसँगै त्यसले रोजगारीको आधार पनि तयार गरेको छ। फार्ममा अहिले २० जना नियमित रूपमा काम गर्छन्। थप पाँच जना ज्यालादारी काममा संलग्न छन्। फार्ममा हुने विभिन्न कृषि गतिविधिका कारण वर्षभरि नै कामको आवश्यकता पर्ने शाह बताउँछन्। उनका अनुसार फार्मबाट वार्षिक करिब ६० लाख रुपैयाँ बराबरको कारोबार हुने गरेको छ।

यो कारोबारको आधारमा आँप मात्रै छैन। दूध, तरकारी, विभिन्न फलफूल तथा पशुपन्छीजन्य उत्पादनले फार्मको आम्दानीमा योगदान गरिरहेका छन्।

**दैनिक ३ सय लिटर दूध, माग अझै बढी**

आँपको बगैँचासँगै शाह एग्रो फार्मको अर्को महत्वपूर्ण पक्ष हो–भैँसी पालन। फार्मबाट दैनिक करिब ३ सय लिटर भैँसीको दूध बजारमा बिक्री भइरहेको शाह बताउँछन्। तर उनको भनाइमा उत्पादनभन्दा दूधको माग बढी छ। यसले पशुपालनतर्फ पनि थप सम्भावना रहेको देखाउँछ।

तर दूधको उत्पादन बढाउनु मात्रै पर्याप्त नभएको शाहको बुझाइ छ। दूध पनि उपभोक्ताले विश्वासका साथ उपभोग गर्न सक्ने हुनुपर्ने उनको धारणा छ। यही कारण उनको कृषि व्यवसायको अर्को महत्वपूर्ण विषय बनेको छ–विषादीरहित र सुरक्षित खाद्य उत्पादन।

**उत्पादनसँगै उठाउँदैछन् विषादीको प्रश्न**

शाहलाई बजारमा फलफूल र तरकारीमा हुने विषादी प्रयोगले चिन्तित बनाएको छ। कृषि उत्पादन बढाउने नाममा जथाभावी विषादी प्रयोग गर्नु किसान र उपभोक्ता दुवैका लागि समस्या भएको उनको भनाइ छ। "उपभोक्तालाई विषादी खुवाउनु हुँदैन," उनी भन्छन्-"हामीले उत्पादन गर्दा नै सुरक्षित र स्वच्छ उत्पादनमा ध्यान दिनुपर्छ।" उनको जोड उत्पादनस्थलमै विषादी परीक्षण गर्नुपर्नेमा छ।

बजारमा पुगेपछि मात्रै परीक्षण गर्ने अभ्यासले उपभोक्ताको स्वास्थ्य जोखिममा पर्न सक्ने उनको तर्क छ। उनका अनुसार बजारमा पुगेको कृषि उत्पादन आज परीक्षण गरियो, त्यसको रिपोर्ट भोलि आयो भने रिपोर्ट आउनुअघि नै त्यो वस्तु उपभोक्ताको घरमा पुगिसकेको हुन सक्छ। त्यसैले उत्पादन भएको स्थानीय तहले नै विषादी परीक्षण गरी सुरक्षित र खानयोग्य भएको प्रमाणित गरेपछि मात्रै बजारमा पठाउने व्यवस्था हुनुपर्ने शाहको माग छ।

**'स्वच्छ उत्पादन भए बजारको समस्या हुँदैन'**

शाहले आफ्नो फार्मको अनुभवबाट एउटा कुरा बुझेका छन्–उपभोक्ता गुणस्तरीय उत्पादनका लागि मूल्य तिर्न तयार छन्। उनका अनुसार फार्ममा उत्पादन भएका फलफूल तथा अन्य कृषि उपज किन्न उपभोक्ता आफैँ फार्ममा आउने गरेका छन्। कतिपयले बगैँचामै आएर फल टिपेर लैजाने गरेका छन्।

यसलाई उनी स्वच्छ उत्पादनप्रतिको उपभोक्ताको विश्वासका रूपमा लिन्छन्। उनको विचारमा किसानले उत्पादनमा गुणस्तर कायम गर्न सके बजार खोज्न धेरै कठिन हुँदैन। त्यसैले अहिले किसानका लागि सबैभन्दा ठूलो आवश्यकता उत्पादन बढाउनु मात्रै नभई सुरक्षित, स्वच्छ र गुणस्तरीय उत्पादन गर्नु भएको उनी बताउँछन्।

**आँपको बगैँचाबाट एग्रो टुरिजमसम्म**

शाहको सपना आँप बेचेर मात्रै सकिँदैन। एउटै फार्ममा यति धेरै प्रकारका फलफूल, तरकारी र पशुपन्छी पालन भइरहेको भएकाले उनले यसलाई भविष्यमा एग्रो टुरिजमको गन्तव्य बनाउने योजना बनाएका छन्।

» बाँकी ३ पेजमा

## इस्मामा शिक्षक सरूवा विवादः

# नियम मिचेर मनोमानी गरिएको आरोप



**लुम्बिनी संवाददाता**

*गुल्मी*

इस्मा गाउँपालिकाले गरेको शिक्षक तथा कर्मचारी सरुवाको विषयलाई लिएर स्थानीय राजनीतिक दलहरूले आपत्ति जनाएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एमाले र नेकपा इस्मा गाउँ कमिटीले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै गाउँपालिकाले प्रचलित शिक्षा ऐन, शिक्षा नियमावली तथा गाउँपालिकाको शिक्षा नियमावलीविपरीत शिक्षक तथा कर्मचारीको सरुवा गरेको आरोप लगाएका छन्।

संयुक्त विज्ञप्तिमा शिक्षा क्षेत्र राजनीतिक आग्रह, पूर्वाग्रह वा प्रशासनिक मनोमानीको विषय बन्न नहुने उल्लेख गर्दै गाउँपालिकाले पछिल्लो समय विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सरुवा पालिका नेतृत्वको आग्रह, पूर्वाग्रह, बलमिच्याइँ र मनोमानीका आधारमा गरेको दाबी गरिएको छ।

विज्ञप्तिअनुसार शैक्षिक सत्रको बिचमा आधा कोर्स पढाइसकेपछि सरुवा गर्ने, दरबन्दी नै नभएको ठाउँमा शिक्षक सरुवा गर्ने, विषय नमिल्ने स्थानमा सरुवा गर्ने तथा विद्यालय व्यवस्थापन समितिलाई जानकारी नै नदिई सरुवा गर्ने गरिएको आरोप लगाइएको छ। ठूलो संख्यामा शिक्षक सरुवा गर्नुका साथै गाउँ शिक्षा समिति र राजनीतिक सहमतिका आधारमा करार तथा राहत शिक्षक, लेखा र कार्यालय सहयोगीसमेत सरुवा गरिएको दाबी उनीहरूको छ।

त्यस्तै, न्यून तलब सुविधामा काम गरिरहेका बालविकास सहयोगीलाई पटक-पटक हटाउने र ल्याउने गरिएको भन्दै यसले विद्यालयमा अस्थिरता सिर्जना गरेको विज्ञप्तिमा उल्लेख छ। यस्तो गतिविधिले शैक्षिक वातावरणमा असर पर्नुका साथै विद्यार्थीको पठनपाठन प्रभावित हुने, शिक्षकको मनोबल कमजोर हुने र शिक्षकको पेसागत मर्यादामा समेत आँच पुग्ने अवस्था सिर्जना भएको दलहरूको दाबी छ।

संयुक्त विज्ञप्तिमा शिक्षक सरुवाका क्रममा कानुनले तोकेको विधि, प्रक्रिया र मापदण्ड पालना नगरिएको आरोप लगाउँदै गरिएको सरुवा तत्काल खारेज गर्न माग गरिएको छ। विज्ञप्तिमा नेपालका प्रचलित शिक्षा कानुन तथा इस्मा गाउँपालिकाको शिक्षा नियमावलीमा रहेका सरुवासम्बन्धी व्यवस्थाको उल्लंघन भएको दाबी गरिएको छ।

दलहरूले गाउँपालिकालाई समयमै सरुवा निर्णय खारेज नगरे संघर्षमा उत्रने चेतावनीसमेत दिएका छन्। साथै, निर्णय प्रमाणित गर्ने, कार्यान्वयनका लागि पत्राचार गर्ने तथा सम्बन्धित कर्मचारीलाई दबाब दिने काम नगर्न पालिकाका प्रमुख प्रशासकीय अधिकृतसहित सम्बन्धित कर्मचारीलाई आग्रह गरेका छन्।

यसैगरी, सम्बन्धित शिक्षक तथा कर्मचारीलाई रमाना पत्र दिने, हाजिरमा अवरोध गर्ने वा सरुवा भई आउनेलाई हाजिर गराउने काम नगर्न विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई आग्रह गरिएको छ।

संयुक्त विज्ञप्तिमा राष्ट्रिय स्वतन्त्र पार्टी इस्मा गाउँ समिति सभापति नरेन्द्रप्रसाद रिजाल, नेकपा एमाले इस्मा गाउँ कमिटी अध्यक्ष कलानिधि भण्डारी र नेकपा इस्मा गाउँ कमिटी संयोजक रामप्रसाद पन्थले हस्ताक्षर गरेका छन्।



## सम्पादकीय

# लहड होइन्, परिपक्क निर्णय लेऊ

सरकारले गत जेठमा बागमती किनारमा बसोबास गरेका सुकुम्वासीका घर टहरा भत्काएपछि अहिले उनीहरु अलपत्र परेका छन् । उनीहरुको बसोबास गरेको घरवास सरकारले भत्कायो। अस्थायी बसोबासका लागि राखिएको होल्डिङ सेन्टरबाट सुकुम्बासीलाई जबर्जस्ती निकालियो । सरकारले व्यवस्थित योजनाका साथ काम नगर्दा अहिले सुकुम्वासी सडकमा निस्कन बाध्य भएका छन् ।

सुकुम्वासी समस्या नेपालमा बहुआयामिक छ। भूमिहिन र अव्यवस्थित बसोवासीका छुट्टाछुट्टै समस्या छन्। यो समस्यालाई योजनाबद्ध समाधानको बाटोमा जानुको साटो विना योजना अघि बढ्दा सरकारले नतिजा पाउन सकेन् । झट्ट हेर्दा बागमती किनार जोखिम थियो, तसर्थ सरकारले हटाएर राम्रो गऱ्यो भन्न सकिएला, तर जोखिमयुक्त ठाउँबाट निकालेर राम्रो गऱ्यो भन्नका लागि त्यसपछि सरकारको जवाफदेहिता हुनुपर्छ । सरकारले राखेको कीर्तिपुर होल्डिङ सेण्टर डुबानमा पऱ्यो। वर्षौंदेखि बस्दै आएका नागरिकलाई विकल्प विना हटाउने सरकारी निर्णय हचुवामा हुनुले सरकारको कमजोरी हो। यो खासमा प्रधानमन्त्री बालेन्द्र साहको लहड हो। सुकुम्वासी समस्यामा खेलाँची गर्ने प्रधानमन्त्रीले अरु विषयमा पनि परिपक्कता देखाउन सकिरहेका छैनन्।

विकल्प विना बागमती किनारका सुकुम्वासी हटाउनु कमजोरी थियो। अहिले सरकारले जुन जिल्लाबाट बागमती किनारमा बस्न आएका थिए, त्यही जिल्लाभित्र घरवासका लागि जग्गा दिने तयारी गर्दैछ। यो तयारी पनि दीर्घकालका लागि परिपक्क होइन् । यो निर्णय गर्नुपूर्व गाउँ छाडेर शहरको फोहरयुक्त ठाउँमा बस्न किन आइपुगे भन्ने जान्नु आवश्यक छ। मूलतः उनीहरुका लागि दुई छाक टार्नका लागि चाहिएको काम हो । शहरमा अनेकथरी काम पाइने भएकाले उनीहरु नदी किनारमा छाप्रो बनाएर बसे । गाउँमै आयआर्जनको काम पाए नदी किनारमा बस्न उनीहरुको बाध्यता हुँदैन । अव्यवस्थित बसोवासीको हकमा सरकार अनुदार देखिन्छ। वर्षौंदेखि बस्दै हकभोग गरेको, अरुबाट खरिद गरेको ऐलानी र पर्ती जग्गामा बसेकालाई लालपूर्जा दिन सरकार अनुदार देखिन्छ। यस्ता अव्यवस्थित बसोवासीको तथ्याङ्क ठूलो छ । भूमिहिन सुकुम्वासी त अत्यन्तै कम छन्। सुकुम्वासी जग्गामा बस्दाबस्दै मिहिनेत गरेर छोराछोरी पढाएर उनीहरु विभिन्न काममा संलग्न भए । उनीहरुले कमाएपछि जग्गा जमिन जोड्नसक्छन् । पहिलेदेखि बस्दै आएको जग्गाको लालपूर्जा पाउँदैनौं भन्ने कुरा पनि अव्यवहारिक हुन्छ।

सुकुम्वासीको बहुआयामिक समस्या समाधानमा सरकार अनुदार होइन्, योजनाबद्ध पहलकदमी लिएर समाधानमुखी हुनुपर्छ। बागमती किनारबाट खेदिएका सकुम्वासी सडक आन्दोलनको बाटो रोजेका छन्। देशभरका सुकुम्वासी सडकमा आए समस्या भयावह बन्ने संभावना छ। उनीहरुको आन्दोलन चर्के सरकारले सामान्य पहलकदमीले मत्थर पार्न सक्तैन् । तसर्थ हठ र लहडमा होइन्, परिपक्क निर्णय गरी पहलकदमी लिनुपर्छ।

# नेप्से परिसूचक सात अङ्कले बढ्यो



काठमाडौं । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार सामान्य अङ्कले बढेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सात दशमलव १७ अङ्कले बढेर दुई हजार ६२९ दशमलव ४० को विन्दुमा पुगेको हो।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ८८ अङ्कले बढेर ४६२ दशमलव ८९ मा पुगेको छ भने फ्लोट सूचक शून्य दशमलव ४२ अङ्कले बढेर १८० दशमलव ३८ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ५५ अङ्कले बढेर १५६ दशमलव ३१ मा पुगेको छ।

विभिन्न कम्पनीका ९५ लाख ७६६ कित्ता सेयर रु चार अर्ब ४० करोड १४ लाख नौ हजार ८५८ मूल्यमा खरिद बिक्री भएको छ। १३ उपसमूहमध्ये छ उपसमूहको मूल्य बढ्नुका साथै सात उपसमूहको मूल्य घटेको छ। एक ३२ कम्पनीको सेयर मूल्य बढ्दा १३२ को घट्नुका साथै १३ कम्पनीको सेयर मूल्य स्थिर छ।

नेप्सेका अनुसार सर्वोत्तम पेन्ट्स इन्डिष्ट्रज, माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट कम्पनी र एनआईसी एसिया सेलेक्ट फण्डका लगानीकर्ताले कमाएका छन् भने कुमारी धनवृद्धि योजना, कुमारी इक्युटि फण्ड र खानीखोला हाइड्रोपावर कम्पनीका लगानीकर्ताले गुमाएका छन्।

# लोकप्रिय सरकारको अलोकप्रिय शैली



**बद्री तिवारी**

सत्तारुढ दलका सांसद तथा सरकारका मन्त्रीहरुले राष्ट्रसेवक कर्मचारीहरुलाई अपमानित गर्ने, डर-त्रास देखाउने, मर्यादाविपरीत व्यवहार गर्ने गरेका घटनाहरु बारम्बार सार्वजनिक भइरहेका बेला यतिखेर भने सार्वजनिक लेखा समितिमा भएको घटना बहुचर्चित बन्न पुगेको छ। कार्यालय प्रयोजनका विविध शीर्षकमा छुट्याइएको बजेट खर्च गर्ने क्रममा होस् वा निराधार आरोप लगाइएको सम्बन्धमा, कर्मचारीहरुलाई बयान लिने क्रममा रास्वपाका सांसद खगेन्द्र सुनारले अनुचित व्यवहार गरेको घटना निन्दनीय भएको आवाज उठेको छ।

जेन्जी आन्दोलनको जगमा निर्वाचित झन्डै दुई तिहाइको सरकारले जनअपेक्षाअनुसार काम गर्न नसकेको भन्दै एकातिर जेन्जी अभियन्ताहरुबाटै आलोचना शुरु भएको र अर्कोतर्फ सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीभित्रैबाट असहमतिका स्वरहरु गुञ्जिन थालेकोले सरकारका लागि प्रतिकूल अवस्था निम्तिन लागेको त होइन भन्ने आशंका बढ्न थालेको छ। रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा गठित वर्तमान सरकार, विपक्षी दलहरुको कुरा छोडौं, आफ्नै दलमा आलोचित बन्ने अवस्था किन आएको होला ? जसको उम्मेदवारीबाट त्यति धेरै (१८२ स्थान) सांसदहरुले विजय प्राप्त गरे, अहिले तिनैमध्येका केही सांसदसमेत बालेनको नेतृत्वप्रति असन्तुष्टि ओकल्न थालेका छन्।

जबकि मतदाताले उनीहरुको नामसमेत सुनेका थिएनन्, रास्वपाको घण्टी चुनाव चिह्नमा मतदान गरेर परिवर्तनको चाहना व्यक्त गरे । गतवर्ष भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनपछि बनेको अन्तरिम सरकारबाट जनताले जति अपेक्षा गरेका थिए सीमित समयावधिका कारण सबै माग पूरा हुन सकेनन्, अहिलेको अवस्थामा त्योभन्दा बढी अपेक्षा वर्तमान सरकारबाट गर्नुलाई अस्वाभाविक नै मान्नु आवश्यक छैन। संख्यात्मक हिसाबले सरकार बलियो लागे पनि कार्यशैली, प्रभावकारिता र सेवा-गुणस्तरका हिसाबले प्रभावशाली बन्न नसकेको मूल्यांकन सेवाग्राहीहरुको छ।

**लोकप्रिय सरकारको कार्यशैलीमाथि प्रश्न**

युवा/नयाँ शक्तिको नेतृत्वमा गठित बालेन सरकारका मन्त्री र सांसदहरुको कार्यशैलीमा परिपक्वताका हिसाबले उनीहरु निक्कै पछाडि छन् भन्ने गरिन्छ, उनीहरुको अपरिपक्वतालाई सामान्यीकरण गर्ने क्रममा मानिसहरुले काम गर्दा कमजोरी भइहाल्छन् भनेर छुट दिन वा ढाकछोप गर्न पनि मिल्दैन। त्यसको अर्थ तत्काल उनीहरुलाई निलम्बन/निष्कासन गर्नेतर्फ लाग्नुहुँदैन, त्यो बुद्धिमता पनि ठहरिँदैन । हो, यहीँनिर आवश्यक पर्दछ प्रशासनिक तथा व्यवस्थापकीय ज्ञान, सीप र कार्यकुशलता । सरकारका नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न अधिकार-दायित्वलाई सन्तुलित बनाएर अघि बढाउनका लागि व्यावसायिक तथा अनुभवी प्रशासकहरुको अभाव खट्किन्छ। देशले राजनीतिक नेतृत्व त पायो, त्यहीअनुसार काम गराउनका लागि वरिष्ठ प्रशासकहरुको परिचालनका निम्ति मन्त्रीस्तरीय निर्णय र अधिकार प्रत्यायोजनको खाँचो छ। यतिखेर बालेन सरकारमाथि कर्मचारीतन्त्रलाई डर-त्रास देखाएर वा कडा निर्देशन दिएर काम गराउने, अनावश्यक दबाब दिने र काम गर्न बाध्य पार्ने गरेका आरोपहरु लाग्ने गरेका छन् । सरकारको त्यस्तो कार्यशैलीबाट क्षणिक सफलता त मिल्ला, त्यस्तो कार्यशैली दिगो हुँदैन भन्ने कुरा नेतृत्व गर्नेहरुले महसुस गर्नै पर्छ। जनअपेक्षाअनुसार सोचेजस्तो तीव्र गतिमा काम गर्न नसक्नुका पछाडि सरकार आफ्नै कार्यशैलीबाट आलोचित भएको छ भन्दा अत्युक्ति नहोला । सुशासनका नाममा चालिएका कदमका कारण देखा पर्ने प्रशासनिक जटिलता, नीतिगत कमजोरी र सीमित जनशक्तिबाट कार्य सम्पादन गराउनुपर्ने बाध्यता र अस्वस्थ राजनीतिक प्रतिस्पर्धाजस्ता कारणले छोटो अवधिमै अनपेक्षित ढंगबाट आलोचित बन्न पुगेको स्पष्ट देखिन्छ।

सरकार गठनको शुरुवातीका दिनदेखि नै संसद राम्रोसँग चल्न सकिरहेको छैन । संसदीय गतिविधिहरु पटक-पटक अवरुद्ध हुँदै आएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले संसद्मा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेका बेलामा प्रधानमन्त्री बालेन्द्र शाह बीचमै उठेर संसद्बाट बाहिरिएको घटना सर्वाधिक चर्चित रह्यो। संसदीय इतिहासमै पहिलोपटक घटेको यो घटनाबाट प्रधानमन्त्री शाह मात्रै आलोचित भएनन्, सत्ता पक्षका सांसद तथा सभामुखलाई पछिसम्म निक्कै अप्ठेरो अवस्थामा पुऱ्याइदियो । प्रतिपक्षी सांसदहरुको निरन्तर विरोधका बाबजुद होहल्लाबीच ध्वनिमतका आधारमा विधेयक पारितको घोषणा गर्नुपरेको सर्वविदितै छ। सभामुख डीपी अर्याललाई विरोधको सामना गर्न हम्मे-हम्मे पऱ्यो । प्रधानमन्त्रीले आत्मालोचना गर्दै क्षमायाचनासमेत गर्नुपर्ने माग विपक्षीहरुले उठाइरहे तर कुनै प्रगति नै भएन। प्रधानमन्त्रीका धारणा थाहा पाउन उनका फेसबुक वालमा हेर्नुपर्ने अवस्था आयो । संसद् वा अन्य सार्वजनिक महत्वका विषय, सरकारी नीति, दीर्घकालीन तथा अल्पकालीन योजना/कार्यक्रमका बारेमा प्रत्यक्ष संवादमार्फत धारणा सार्वजनिक गर्नुपर्ने माग भइरहेका बेलामा सामाजिक सञ्जालमा मात्र सीमित हुने सोच त्याग्ने र अरुसँग सामना गर्नुपर्दा पछि हट्ने प्रवृत्ति तत्काल सुधार गर्न सकेमा बेस हुनेछ।

यसै बीच २०८३ जेठ १७ गते प्रधानमन्त्री शाह संसद्मा पुगेर सांसदहरुबाट उठाइएका प्रश्नहरुको जवाफ दिने क्रममा दिनुभएको अभिव्यक्तिले अर्को विवाद जन्मायो, जुन विवादको अन्त्य आजसम्म पनि हुन सकेको छैन। नेपाल-भारत सीमासम्बन्धी विषयमा प्रम शाहले बोल्ने क्रममा '.... नेपालले पनि भारतको भूभाग मिचेको....', अभिव्यक्ति दिएपछि यस विषयले संसद्मा बारम्बार गतिरोध उत्पन्न गर्दै आएको छ। प्रतिपक्षी दलका सांसदहरुले उक्त राष्ट्रघाती अभिव्यक्ति संसदीय रेकर्डबाट हटाएर प्रम शाहले संसद्समक्ष क्षमायाचना गर्नुपर्ने माग गरिरहेका छन्। निश्चय नै प्रधानमन्त्री शाहको यो अभिव्यक्ति राष्ट्रघाती मात्र थिएन, कुटनीतिक अपरिपक्वता पनि थियो । सार्वजनिक स्पष्टीकरणका लागि परराष्ट्र मन्त्रालयले विज्ञप्ति नै जारी गर्नुपर्ने अवस्था निम्तियो।

**स्थायी सरकार : कर्मचारीतन्त्रसँग जोडिएका सवाल**

मुलुकमा जतिसुकै राजनीतिक उथलपुथल भए पनि प्रशासनिक रुपमा सरकारी कामकाज चलिरहेको हुन्छ, त्यस्तो स्थायी सरकारका कतिपय कर्मचारीहरु पनि असहयोगी बन्दै गएको सुनिने गरेको छ। सुशासनका लागि गरिएको व्यवस्था तथा नियम कानुनको अक्षरशः पालना गर्ने क्रममा वा कर्मचारीबाटै ढिलासुस्ती, असहयोगी वातावरण उत्पन्न हुन जाँदा सरकारकै बदनाम गर्ने काम पनि भएका छन् । त्यति मात्रै होइन, कर्मचारीलााई रुष्ट बनाउने काम सरकारकै नीतिबाट भएका छन्, संविधानको पालना र लोकतन्त्रको दुहाइ दिँदै आएको सरकारले अध्यादेशमार्फत आधिकारिक ट्रेड युनियन नै खारेज गरेर अप्रजातान्त्रिक कार्य गऱ्यो, फलस्वरुप कर्मचारीहरु सरकारबाट आफूहरु अपहेलित तथा अधिकारविहीन हुन पुगेको महसुस गरिरहेका छन् । मनोबल खस्किएका कर्मचारीहरु त्रसित मानसिकता बोकेर जनताको काम गर्न नसक्ने धारणा सार्वजनिक भइरहेका छन् । हुन पनि आ-आफ्ना हकहितका लागि सामूहिक सौदाबाजीको मुख्य माध्यम बनेको आधिकारिक ट्रेड युनियनहरु एकाएक खारेज भएपछि हतोत्साहित पार्ने वातावरण पैदा भएको छ। कर्मचारीहरुले जागिर छोड्ने कारण विभिन्न हुन सक्छन्, तर बालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएपछि सेवा अवधि बाँकी छँदै ६ सयभन्दा बढी कर्मचारीले राजीनामा दिएर सेवाबाट अवकाश लिइसकेका छन्।

ती कर्मचारीमा खरिदार, नायब सुब्बा, अधिकृत, उपसचिव, सहसचिव र सचिवसमेत रहेको विवरण सार्वजनिक भइसकेको छ । सरकारले ल्याउन लागेको नयाँ निजामती सेवा ऐनमा कर्मचारीको सेवा अवधि ३० वर्ष वा उमेर ५५ वर्ष जुन पहिले आउँछ, त्यसकै आधारमा अवकाश हुन्छ भन्ने प्रस्तावित नियम पारित भयो भने अवकाशपछि पाइने सुविधा कटौती हुने हो कि भन्ने आशंकाका कारण पनि कर्मचारीहरु सेवा अवधि बाँकी छँदै राजीनामा दिन लागेको बताइन्छ।

संगठित भएर आफ्ना जायज मागहरु उठाउने कार्यका लागि यिनै युनियनहरुले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका थिए । निश्चय नै राजनीतिक विकृति/विसंगतिका कारण युनियनहरुले अधिकार दुरुपयोग गरेका थिएनन् भन्न नसकिएला तर सबै ठाउँमा त्यस्तो थिएन, त्यसको छानबिन गर्नुपर्ने तथा त्यही अनुसार कमी-कमजोरी सच्याउँदै दोषीमाथि कारबाही पनि गर्न सकिन्थ्यो होला, तर सरकारले त्यसतर्फ कुनै विचारै नगरी 'न रहे बाँस, न बजे बाँसुरी' को शैलीमा संवैधानिक अधिकार नै अध्यादेशमार्फत कटौती गऱ्यो । जबकि यो अधिकार जनताले लडेर ल्याएको लोकतन्त्रको महत्वपूर्ण उपलब्धि थियो । नेपालको संविधान २०७२ को भाग २ (मौलिक हक र कर्तव्य), धारा ३४ (श्रमको हक) उपधारा ३ ले ट्रेड युनियनसम्बन्धी स्पष्टसँग यस्तो व्यवस्था गरेको छ- 'प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ।'

त्यति मात्र होइन, सरकारले सय दिनका सय कार्यसूची भनी प्रकाशित गरेको योजना अनुरुप नै अध्यादेश 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश- २०८३' मार्फत कर्मचारी युनियनहरु खारेज गरेको हो। त्यसका अतिरिक्त विश्वविद्यालय र क्याम्पसहरुमा विद्यार्थी तथा कर्मचारी ट्रेड युनियन खारेजीको निर्णय पनि गरियो । यसलाई संविधानको ठाडो उल्लंघन नभने के भन्ने ! निजामती कर्मचारी संगठनहरुले त्यसविरुद्ध संवैधानिक अधिकार खोसिएको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरे, त्यो निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी भए पनि त्यसले निरन्तरता पाएन। न्यायाधीशत्रय सपना मल्ल प्रधान, कुमार रेग्मी र हरिप्रसाद फुयालको समूहले अन्तरिम आदेश जारी गरे पनि न्यायाधीशद्वय विनोद शर्मा र शारङ्गा सुवेदीको समूहले त्यसलाई निन्तरता दिन अस्वीकार गरेपछि ट्रेड युनियनहरु ब्युँतिएनन्।

सत्तारुढ दलका सांसद तथा सरकारका मन्त्रीहरुले राष्ट्रसेवक कर्मचारीहरुलाई अपमानित गर्ने, डर-त्रास देखाउने, मर्यादाविपरीत व्यवहार गर्ने गरेका घटनाहरु बारम्बार सार्वजनिक भइरहेका बेला यतिखेर भने सार्वजनिक लेखा समितिमा भएको घटना बहुचर्चित बन्न पुगेको छ। कार्यालय प्रयोजनका विविध शीर्षकमा छुट्याइएको बजेट खर्च गर्ने क्रममा होस् वा निराधार आरोप लगाइएको सम्बन्धमा, कर्मचारीहरुलाई बयान लिने क्रममा रास्वपाका सांसद खगेन्द्र सुनारले अनुचित व्यवहार गरेको घटना निन्दनीय भएको आवाज उठेको छ। सांसद सुनारले गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठ र नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई अपमानजनक किसिमबाट सोधपुछ गरेको भन्दै व्यापक रुपमा आलोचना भएको हो।

सांसद सुनारले उहाँहरुलाई बर्दी फुकाल्न र मोबाइल जफत गर्न तथा निलम्बन गरी छानबिनको दायरामा ल्याउनुपर्ने माग राख्नुभएको थियो, त्यसका अतिरिक्त अन्तरिम सरकारका तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्याल र सशस्त्र प्रहरी बलका प्रहरी महानिरीक्षक राजु अर्याललाई पनि भ्रष्टाचारको आरोप लागेकोले छानबिनको दायरामा ल्याउनुपर्ने माग गर्नुभएको थियो। उता गृहमन्त्री सुधन गुरुङले कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा बोल्दै सुनारको व्यहारप्रति आपत्ति मात्र जनाउनुभएन, आरोप लाग्दैमा दोषी करार गर्न नमिल्ने तर्क प्रस्तुत गर्नुभयो । यसरी सत्तारुढ दलकै सांसद र विभागीय मन्त्रीबीचमै समन्वय र एकरुपता नभएको स्पष्ट देख्न सकिन्छ। त्यसको लगत्तै पूर्वप्रहरी संगठन प्रमुख मञ्चले एक विज्ञप्ति प्रकाशित गरी सांसद खगेन्द्र सुनारबाट नेपाल प्रहरी र वर्तमान प्र.म.नि. दानबहादुर कार्कीलगायतका विषयमा व्यक्त विचार संसदीय मर्यादा, पदीय गरिमा र शिष्टाचारविपरीत रहेको जनाएको छ। यस्ता गतिविधिबाट सरकारकै अवमूल्यन हुँदै आएको छ।

**गर्नुपर्ने काम, सुधार्नुपर्ने व्यवहार**

मन्त्रिपरिषद् गठनको पाँच महिना पुग्नै लाग्दा सरकारले गर्दै आएका कतिपय कामहरु राम्रा छन्, त्यसको प्रशंसा गर्नै पर्छ। सुशासन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलगायत क्षेत्रमा प्रगति भइरहेका समाचार पनि आइरहेका छन्। त्यसका अतिरिक्त सरकारले तत्काल गर्नै पर्ने केही कामहरु यस्ता हुनसक्छन् :

-सांसदहरुका लागि प्रशिक्षण तथा अभिमुखीकरण तथा पुनर्ताजगी तालिम,

-अन्य राजनीतिक दलहरुसँग सौहार्दपूर्ण सम्बन्ध र आवश्यक समन्वयात्मक भूमिका निर्वाह,

-स्थायी सरकारका रुपमा कार्यरत कर्मचारीहरुसँग समझदारी निर्माण, कार्यगत एकता र दायित्व बोध,

-राजनैतिक प्रतिशोधको भावना त्याग्दै व्यवहारमा परिपक्वताको आभास दिलाउन वातावरण निर्वाह गर्ने,

-निजी क्षेत्रलाई विश्वास दिलाएर आर्थिक वृद्धि तथा विकासका कार्यक्रम साझेदारी निर्माण गर्ने,

-पर्याप्त सुरक्षाको व्यवस्था गर्दै विदेशी लगानीकर्तालाई नेपालमा लगानी गर्न प्रोत्साहित गर्ने,

-ठूला योजना कार्यान्यनका लागि प्रतिबद्धताअनुरुप काम गर्ने,

-पूँजीगत खर्चमा वृद्धि गर्ने तथा पूर्वघोषित योजनाअनुरुप रोजगारी सिर्जना गर्ने लगायतका कार्यहरु गर्नुपर्दछ।

समाचारपत्रबाट

# फर्सीको बियाँलाई बेवास्ता गरिरहनुभएको छ ? यस्ता छन् सेवनका फाइदा

फर्सी मात्र नभएर यसको बियाँ र मुन्टा पनि पोषक तत्वका हिसाबले उत्कृष्ट मानिन्छन् । बच्चादेखि वृद्धसम्म सबैले रुचाउने फर्सीमा प्रशस्त मात्रामा पाइने खनिज र भिटामिनले हाम्रो शरीरलाई स्वस्थ र तन्दुरुस्त राख्न मद्दत गर्छ।

फर्सीको बियाँ प्रोटिनको उच्च स्रोत भएको पोषणविद् अतुल उपाध्याय बताउँछन्।

उनका अनुसार फर्सीको बियाँमा प्रशस्त मात्रामा जिङ्क पनि पाइन्छ। जिङ्क शरीरका लागि आवश्यक खनिज पदार्थ हो। यसले रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउन, कोषहरूको वृद्धि तथा विकासमा सहयोग गर्न र इन्सुलिनको सामान्य कार्यमा भूमिका खेल्न सक्छ।

फर्सीको बियाँमा म्याग्नेसियम, स्वस्थ बोसो तथा अन्य पोषक तत्व पनि पाइन्छन् । त्यसैले यसको सन्तुलित सेवनले मुटुको स्वास्थ्य, रक्तचाप र निद्राजस्ता पक्षमा समेत सकारात्मक भूमिका खेल्न सक्छ।

**स्वास्थ्यका सम्भावित फाइदा**

**रोग प्रतिरोधात्मक क्षमता** : फर्सीको बियाँमा पाइने जिङ्कले शरीरको रोग प्रतिरोधात्मक प्रणालीलाई सामान्य रूपमा काम गर्न सहयोग गर्छ।

**मधुमेह व्यवस्थापन** : फर्सीको बियाँमा पाइने फाइबर, प्रोटिन र स्वस्थ बोसोले रक्तमा चिनीको मात्रा नियन्त्रण गर्न सहयोग गर्न सक्ने भएकाले सन्तुलित आहारको हिस्सा बनाउन सकिन्छ।

**मुटुको स्वास्थ्य** : यसमा पाइने म्याग्नेसियम र असंतृप्त बोसोले मुटुको स्वास्थ्यका लागि फाइदा पुऱ्याउन सक्छ।

**तौल व्यवस्थापन** : प्रोटिन, फाइबर र स्वस्थ बोसोका कारण फर्सीको बियाँ खाँदा लामो समयसम्म पेट भरिएको महसुस हुन सक्छ, जसले अनावश्यक खाने बानी नियन्त्रण गर्न सहयोग गर्न सक्छ।

**प्रोस्टेट स्वास्थ्य** : फर्सीको बियाँ पुरुषहरूको प्रोस्टेट स्वास्थ्यसँग सम्बन्धित केही अध्ययनमा चासोको विषय बनेको छ। यसमा पाइने जिङ्क तथा अन्य पोषक तत्वले प्रोस्टेटको सामान्य स्वास्थ्यमा भूमिका खेल्न सक्छन्।

**राम्रो निद्रा** :

फर्सीको बियाँमा पाइने म्याग्नेसियम र ट्रिप्टोफानजस्ता पोषक तत्वले निद्रा र स्नायु प्रणालीको सामान्य कार्यमा सहयोग गर्न सक्छन्।

यसैले, फर्सीको बियाँलाई फाल्ने होइन, सन्तुलित मात्रामा आहारमा समावेश गर्ने बानी बसाल्न सकिन्छ।

# घोषणा मात्रै कि संरक्षण पनि ?

इन्द्राकुमारी केसी

सुदूरपश्चिम प्रदेश सरकारले बाजुराको बडीमालिका र अछामको रामारोशन क्षेत्रलाई समेटेर बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्र घोषणा गरेको छ।

वन संरक्षण क्षेत्र घोषणासँगै प्रदेशमा संरक्षण क्षेत्रको दायरा थप विस्तार भएको छ । जैविक विविधता, वन्यजन्तु तथा प्राकृतिक स्रोत संरक्षणसँगै पर्यापर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको यो घोषणालाई प्रदेश सरकारले महत्वपूर्ण उपलब्धिका रूपमा प्रस्तुत गरेको छ।

सुदूरपश्चिम प्रदेशका निवर्तमान मुख्यमन्त्री कमलबहादुर शाहले साउन २७ गते धनगढीमा आयोजित कार्यक्रममा सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ को दफा २६ (१) बमोजिम बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्र घोषणा गरेका हुन् । शाहको अध्यक्षतामा गत साउन १९ गते बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले उक्त क्षेत्रलाई वन संरक्षण क्षेत्र घोषणा गर्ने निर्णय गरेको थियो । यो क्षेत्र प्रदेश वन ऐनअनुसार घोषणा भएको पहिलो वन संरक्षण क्षेत्र हो। घोषित संरक्षण क्षेत्रमा बाजुराको बडीमालिका नगरपालिका-५, ६, ७ र ८ तथा त्रिवेणी नगरपालिका-५, ६, ७ र ९ का क्षेत्र समेटिएका छन् । त्यस्तै अछामको मेल्लेख गाउँपालिका-१ र २ तथा रामारोशन गाउँपालिका-४, ५ र ६ समेत गरी कूल ४९८.४ वर्ग किलोमिटर क्षेत्र समेटिएको छ।

बडीमालिका धार्मिक तथा प्राकृतिक पर्यटनका दृष्टिले महत्वपूर्ण क्षेत्र हो भने रामारोशन प्राकृतिक सौन्दर्य, तालतलैया र जैविक विविधताका कारण परिचित छ। यी दुई क्षेत्रलाई एउटै संरक्षण भूगोलमा समेटिएसँगै वन, वन्यजन्तु, जैविक विविधता तथा प्राकृतिक स्रोतको संरक्षणसँगै पर्यटन विकासको सम्भावना बढ्ने अपेक्षा गरिएको छ। तर नयाँ संरक्षण क्षेत्र घोषणा भइरहँदा यसअघि सुदूरपश्चिममा सङ्घीय वन ऐनअनुसार घोषणा गरिएका वन संरक्षण क्षेत्रको व्यवस्थापन भने सन्तोषजनक छैन । त्यसैले अहिलेको मुख्य प्रश्न हो-घोषणा मात्रै कि संरक्षण पनि ?

**घोषणापछिको चुनौती**

सुदूरपश्चिममा यसअघि घोषणा गरिएका वन संरक्षण क्षेत्रको अनुभवले नयाँ घोषणापछि गर्नुपर्ने काम कति चुनौतीपूर्ण छ भन्ने देखाउँछ। कैलालीको वसन्ता र कञ्चनपुरको लालझाडी-मोहना वन संरक्षण क्षेत्र २०६८ फागुन १५ गते औपचारिक रूपमा घोषणा भएका हुन्। करिब ९८ हजार ६४३ हेक्टर क्षेत्रफल ओगटेका यी दुवै क्षेत्र नेपाल-भारत सीमावर्ती भूभागका महत्वपूर्ण जैविक मार्गका रूपमा चिनिन्छन्।

यी वनले तराई र चुरे क्षेत्रबीचको पारिस्थितिकीय सम्बन्ध कायम राख्नुका साथै भारतको दुधवा राष्ट्रिय निकुञ्जसँगको अन्तरसम्बन्ध कायम राख्न महत्वपूर्ण भूमिका खेलिरहेका छन् । महत्वपूर्ण क्षेत्रका रूपमा घोषणा भएको १५ वर्ष बितिसक्दा पनि व्यवस्थापनको आधारभूत उपकरणका रूपमा रहेको कार्ययोजना समयमै अद्यावधिक हुन सकेको छैन । नियमअनुसार प्रत्येक पाँच वर्षमा नवीकरण गर्नुपर्ने कार्ययोजना २०७३ सालमै नवीकरण भइसक्नुपर्ने भए पनि लामो समयसम्म प्रक्रिया पूरा हुन सकेन । कार्ययोजना अभावले संरक्षण गतिविधि, बजेट व्यवस्थापन, जनशक्ति परिचालन, समुदायको सहभागिता तथा दीर्घकालीन रणनीति कार्यान्वयनमा असर परेको छ।

यसले नयाँ घोषित बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्रसामु पनि प्रश्न खडा गरेको छ- के विगतका समस्या नयाँ क्षेत्रमा पनि दोहोरिन्छन् ?

अछामका वरिष्ठ डिभिजनल वन अधिकृत केशव पराजुलीले नयाँ संरक्षण क्षेत्रमा विगतका समस्या दोहोरिन नदिन सुरुदेखि नै क्षेत्रको अवस्था अध्ययन गरी स्पष्ट व्यवस्थापन योजना बनाउनुपर्ने बताउँछन् । संरक्षणलाई प्रभावकारी बनाउन स्थानीय समुदायको जीविकोपार्जनसँग पनि जोड्नुपर्ने उनको भनाइ छ। "संरक्षण क्षेत्रको उद्देश्य पूरा गर्न क्षेत्रको अवस्था अध्ययन गरेर आवश्यक व्यवस्थापन योजना तयार गर्नुपर्छ," उनले भने-"स्थानीय उत्पादन, पर्यटन तथा आयआर्जनका गतिविधिलाई संरक्षणसँग जोड्न सके समुदायको अपनत्व बढाउन सकिन्छ ।" उनका अनुसार प्रदेश, स्थानीय तह, वन कार्यालय र समुदायबिच सुरुदेखि नै स्पष्ट समन्वय कायम गरी कार्यक्रम अघि बढाउन आवश्यक छ।

**कानुनी अन्योल र बजेटको समस्या**

कैलालीको वसन्ता तथा कञ्चनपुरको मोहना-लालझाडी वन संरक्षण क्षेत्र व्यवस्थापनमा देखिएको अर्को समस्या सङ्घ र प्रदेशबीचको अधिकार क्षेत्र हो। सङ्घीय वन नियमावली, २०७९ अनुसार वन तथा भू-संरक्षण विभागले वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गरी वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराउने र डिभिजनल वन अधिकृतले कार्यान्वयन गर्ने व्यवस्था छ । तर सुदूरपश्चिम प्रदेशको वन ऐन, २०७७ ले डिभिजन वन कार्यालयले कार्ययोजना तयार गर्ने, वन निर्देशनालयको सिफारिसमा प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गर्ने व्यवस्था गरेको छ।

एउटै विषयमा सङ्घीय र प्रदेश कानुनमा फरक व्यवस्था हुँदा कार्ययोजना निर्माण र स्वीकृतिमा अन्योल उत्पन्न भएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत जनक पाध्या बताउनुहुन्छ । उनका अनुसार वसन्ता र लालझाडी-मोहना वन संरक्षण क्षेत्रको प्रारम्भिक कार्ययोजना वन विभागले तयार गरी स्वीकृत गरेको थियो । नयाँ कानुनी व्यवस्था आएपछि कार्ययोजना निर्माण तथा स्वीकृतिको अधिकारबारे अन्योल उत्पन्न हुँदा पछिल्लो प्रक्रिया प्रभावित भएको उनले बताए।

कानुनी अन्योलसँगै बजेट अभाव पनि संरक्षण क्षेत्र व्यवस्थापनको चुनौती बनेको छ । डिभिजन वन कार्यालय कञ्चनपुरका डिभिजनल वन अधिकृत लक्ष्मीराज जोशीका अनुसार गत आर्थिक वर्षमा लालझाडी-मोहना क्षेत्रका लागि छुट्टै बजेट विनियोजन नहुँदा संरक्षणका गतिविधि सञ्चालन गर्न कठिन भयो।

बजेट अभावका कारण राखिएका सहजकर्ता हटाउनुपरेको छ । भने व्यवस्थापनका अन्य कार्यक्रमसमेत प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन । नियमित कार्यक्रमअन्तर्गत केही संरक्षणका गतिविधि भने भइरहेको उनको भनाइ छ । कैलालीको वसन्ता वन संरक्षण क्षेत्रमा पनि सीमित बजेटबाट संरक्षणका गतिविधि सञ्चालन हुँदै आएका छन्। सीमित स्रोतका कारण कर्मचारी व्यवस्थापनसँगै संरक्षणका काम गर्न कठिन हुने डिभिजन वन कार्यालय पहलमानपुरका वरिष्ठ डिभिजनल वन अधिकृत जनक पाध्या बताउँछन्।

प्रदेश वन निर्देशक हेमराज विष्टका अनुसार लालझाडी-मोहना क्षेत्रको कार्ययोजना नवीकरणका लागि अन्तरराष्ट्रिय साझेदारको आर्थिक सहयोगमा तयारी, सरोकारवालासँग प्रस्तुतीकरण तथा आवश्यक प्रक्रिया पूरा गरिए पनि स्वीकृतिको अन्तिम चरण बाँकी छ । वसन्ता क्षेत्रको कार्ययोजना पनि तयार गरी केन्द्रमा पठाइएको छ। सङ्घीय र प्रदेश तहबीच स्वीकृतिको अधिकार प्रयोगसम्बन्धी अन्योलले प्रक्रिया लम्बिएको उनले बताए।

कार्ययोजना र बजेटको अभावले संरक्षण क्षेत्र घोषणा गरिए पनि त्यसअनुसारका कार्यक्रम सञ्चालन गर्न कठिन हुने विगतको अनुभव छ। यसको अर्को उदाहरण घोडाघोडी हो। रैथाने तथा आगन्तुक चराहरूको प्रमुख बासस्थानका रूपमा परिचित कैलालीको घोडाघोडी क्षेत्रलाई प्रदेश सरकारले २०७८ फागुन २७ गते नेपालकै पहिलो 'चरा अभय आरण्य'का रूपमा घोषणा गरेको थियो। तर घोषणा भएको पाँच वर्षको अवधिमा उक्त क्षेत्रका लागि हालसम्म जम्मा रु पाँच लाख मात्र बजेट विनियोजन भएको छ । विनियोजित बजेटबाट मुख्यतः झाडी सफाइको काम मात्र भएको छ । चराको वासस्थान संरक्षण, जैविक विविधता व्यवस्थापन, पूर्वाधार विकास तथा दीर्घकालीन संरक्षणका अन्य कार्यक्रम सञ्चालन हुन सकेका छैनन्। कार्ययोजनासमेत बन्न सकेको छैन।

**घोषणापछि संरक्षणको चुनौती**

विगतका यी अनुभवले बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्रका लागि घोषणा लगत्तै व्यवस्थापन योजना, आवश्यक बजेट र कार्यान्वयनको स्पष्ट जिम्मेवारी तय गर्नुपर्ने देखाउँछ । प्रदेश सरकारका लागि नयाँ संरक्षण क्षेत्रको व्यवस्थापन केवल सीमाङ्कन र प्रशासनिक संरचना बनाउने विषय नभई त्यसलाई दीर्घकालीन रूपमा सञ्चालन गर्नसक्ने संस्थागत आधार तयार गर्ने विषय पनि हो।

सुदूरपश्चिम प्रदेशका वन निर्देशक हेमराज विष्ट नयाँ संरक्षण क्षेत्रको व्यवस्थापनमा विभिन्न निकायबीचको समन्वयलाई प्राथमिकतामा राख्नुपर्ने बताउँछन्। सङ्घ, प्रदेश, स्थानीय तह तथा अन्य सरोकारवाला निकायले एउटै योजनाअन्तर्गत स्रोत परिचालन गर्न सके कार्यक्रम प्रभावकारी हुने उनको भनाइ छ। "घोषणा गर्दैमा संरक्षण हुने होइन, त्यसका लागि बजेट, जनशक्ति र कार्ययोजना चाहिन्छ," उनले भने-"सबै निकायले छुट्टाछुट्टै कार्यक्रम गर्नुभन्दा एउटै योजनाअन्तर्गत स्रोत परिचालन गर्न सके प्रभावकारी हुन्छ।"

विष्टका अनुसार संरक्षण क्षेत्र व्यवस्थापनमा नेपाल प्रहरी, नेपाली सेना, स्थानीय तह, प्रदेश सरकार तथा विभिन्न सङ्घसंस्थाको भूमिका रहनेछ। राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी), रेनफरेस्ट ट्रस्ट तथा स्थानीय तहबाट प्राप्त स्रोतसमेत गरी हाल करिब पाँच करोड रुपैयाँ बजेटको व्यवस्था रहेकाले सोही स्रोतबाट संरक्षणका काम अघि बढाइने उनले जनाए। आर्थिक वर्ष २०८३/८४ भित्र बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्रको विस्तृत कार्ययोजना तयार गरिने जानकारी दिँदै उनले कार्ययोजनाका आधारमा संरक्षण, पर्यटन, जीविकोपार्जन र पूर्वाधार विकासका कार्यक्रम अघि बढाइने बताए। यसबाट बजेटको दोहोरोपन र अनावश्यक खर्च रोक्दै क्षेत्रको समग्र विकास गर्न सहज हुने उनको भनाइ छ।

रामारोशनदेखि त्रिवेणीसम्म पदमार्ग, शौचालय, क्याम्पिङलगायत पर्यटन पूर्वाधार विकास गर्न सके पर्यटक बढ्ने र त्यसबाट स्थानीय गाइड, होटल तथा यातायात व्यवसायीले लाभ लिन सक्ने उनले बताए। 'एन्टी-पोचिङ युनिट'का जनशक्तिलाई आवश्यक तालिम दिइएको जानकारी दिँदै उनले संरक्षणका काम विभिन्न निकायबीच समन्वय गरेर अघि बढाइने उल्लेख गरे।

**स्थानीय समुदाय र रोजगारीको अवसर**

बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्र दुई जिल्ला र चार स्थानीय तहका विभिन्न वडालाई समेटेर घोषणा गरिएको छ। यस क्षेत्रभित्र वन तथा जैविक विविधताको संरक्षणसँगै स्थानीय समुदाय, प्राकृतिक स्रोत, पर्यटन र जीविकोपार्जनका विषय प्रत्यक्ष रूपमा जोडिएका छन् । त्यसैले संरक्षणको योजना बनाउँदा वन तथा वन्यजन्तुको सुरक्षासँगै स्थानीय आवश्यकता र समुदायको भूमिकालाई समेत प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

सुदूरपश्चिम प्रदेश सरकारका प्रमुख सचिव बैकुण्ठ अर्याल सांस्कृतिक सम्पदाले भरिपूर्ण बडीमालिका-रामारोशन क्षेत्रलाई संरक्षणसँगै विकासको प्राथमिकतामा राख्नुपर्ने बताउँछन् । धार्मिक, सांस्कृतिक तथा प्राकृतिक महत्व बोकेको यस क्षेत्रलाई व्यवस्थित गर्न सके पर्यटन प्रवर्द्धनसँगै स्थानीयस्तरमा रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्न सकिने उनको भनाइ छ। वन संरक्षण क्षेत्र घोषणाले प्रदेशको आयआर्जनको प्रमुख माध्यम बन्नसक्ने सम्भावना खोलेको उल्लेख गर्दै उनले संरक्षण र विकासलाई सँगसँगै अघि बढाउन नियमित अनुगमन, स्पष्ट व्यवस्थापन योजना र दीर्घकालीन गुरुयोजना आवश्यक रहेको बताए। "घोषणा गरेर मात्र पुग्दैन, देखिएका समस्या पहिचान गरी त्यसको दीर्घकालीन समाधान खोज्नुपर्छ।"- उनले भने।

बाजुराको बडीमालिका नगरपालिकाका नगरप्रमुख अमरबहादुर खड्काले धार्मिक तथा पर्यटकीय महत्व बोकेको क्षेत्रलाई समेटेर संरक्षण क्षेत्र घोषणा गरिनुले स्थानीय आर्थिक समृद्धिको सम्भावना बढाएको बताए। उनले संरक्षण क्षेत्रलाई स्थानीयवासीको रोजगारी र आयआर्जनसँग प्रत्यक्ष रूपमा जोड्नुपर्नेमा जोड दिए।

बडीमालिका र रामारोशनमा आउने पर्यटकलाई स्थानीय उत्पादन, संस्कृति, रहनसहन र परम्परासँग जोड्न सके स्थानीयले प्रत्यक्ष आर्थिक लाभ लिनसक्ने उनको भनाइ छ। स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणसँगै पर्यटन गतिविधि विस्तार गर्न सके रोजगारीका अवसर सिर्जना हुने उनी बताउँछन् । संरक्षणका नाममा स्थानीय समुदायलाई अलग गर्ने वा उनीहरूको परम्परागत अधिकारमा मात्र अंकुश लगाउनेभन्दा स्थानीयकै सहभागितामा संरक्षणका कार्यक्रम अघि बढाउनुपर्ने उनको भनाइ छ। सामुदायिक वन तथा स्थानीय समुदायसँग समन्वय गरी संरक्षणका सम्भावनालाई आर्थिक उपार्जनसँग जोड्नसके संरक्षण क्षेत्र घोषणाको उद्देश्य पूरा हुने उनले बताए। वन संरक्षण क्षेत्र घोषणा गर्नु संरक्षणको अन्तिम उपलब्धि नभई त्यसपछिको कामको सुरुआत हो।

# बाँदर र बँदेलको सास्तीपछि वैकल्पिक खेतीमा बस्नेत दम्पती



गुल्मी । गुल्मीको गुल्मीदरबार गाउँपालिका-३, राजा लेतुंगाका बस्नेत दम्पती बाँदर र बँदेलको सास्तीपछि वैकल्पिक खेतीमा लाग्नुभएको छ। परम्परागत रूपमा गर्दै आएको मकै खेती जङ्गली जनावरले वर्षेनि सखाप पार्न थालेपछि उहाँहरू अदुवा, बेसारलगायत वैकल्पिक खेतीमा लाग्नुभएको हो।

६१ वर्षीय दिलबहादुर बस्नेत र ६२ वर्षीया ज्ञानुमाया बस्नेत दम्पतीले परम्परागत खेतीलाई थप व्यवस्थित गर्दै आएका छन् । उनीहरूले मकै खेती मात्रै हुने जग्गामा फलफूल तथा तरकारी खेतीसमेत गरेका छन् । बस्नेत दम्पतीको बारीमा अहिले सुन्तला, कागती, नास्पाती, काँक्रो, केरा, अङ्गुर, आरु, बखडालगायतका फलफूलका साथै गोलभेँडा, बन्दा, काउली, फुलगोभी, सिमी, साग, लौका, करेलालगायतका तरकारी तथा अदुवा, बेसार र काउनो खेती भइरहेको छ।

"सबै प्रकारका खेतीपाती गर्दै आएका थियौँ। अहिले बाँदर र बँदेलले सखाप पार्न थालेपछि विकल्प सोचेका छौँ," दिलबहादुरले भने- "विकल्पका रूपमा सुरु गरेको अदुवा र बेसार खेतीमा भने क्षति पुऱ्याएको छैन।"

उनले अहिले पाँच रोपनी जग्गामा बेसार खेती गरेका छन् । साथै, बस्नेत दम्पतीले एक भैँसी, दुई गाई र सात वटा उन्नत जातका बाख्रा पालेका छन्। परिवारलाई पुग्नेभन्दा बढी फलफूल, तरकारी तथा दूध बिक्री गर्दै आएका छन्। पहिले परम्परागत खेती गर्दा उत्पादनले छ महिना पनि नपुग्ने गरेको दिलबहादुरले बताए।

अहिले खेतीलाई थप व्यवस्थित गरेपछि वर्षभरि खानका लागि अरूको भर पर्न नपर्ने उनले बताए । लामो समय रोजगारीको सिलसिलामा भारतमा रहेएका दिलबहादुर एक दशकदेखि कृषि कर्ममा रमाएका छन् । त्यसअघि नै खेतीपाती गर्दै आएकी ज्ञानुमाया बस्नेतले भने जङ्गली जनावरले समय-समयमा दुःख दिने गरेको बताइन् । जङ्गली जनावरको समस्या केही हदसम्म भए पनि व्यवस्थापन गर्नुपर्ने उनको माग छ।

खेती नै परिवर्तन गरेर जङ्गली जनावरबाट जोगिने प्रयास गरे पनि पूर्ण रूपमा समस्या समाधान हुन नसकेको ज्ञानुमाया बताउँछिन् । अदुवा र बेसारलगायतका बालीमा क्षति नपुऱ्याए पनि अन्य खेतीमा भने जङ्गली जनावरले सधैँ हैरानी दिने गरेको उनले जनाइन् ।

"वैकल्पिक खेतीको थालनी त गरेका छौँ। तर, जङ्गली जनावरले अन्य खेतीमा नोक्सानी पुऱ्याइरहेको छ," उनले भनिन्- "जङ्गली जनावर नियन्त्रणका लागि सरकारले केही उपाय त अपनाउनुपर्छ ।" वैकल्पिक खेतीका कारण ती बालीमा भने जङ्गली जनावरबाट हुने प्रत्यक्ष नोक्सानी कम भएको उनीहरूको भनाइ छ।

# सूचीकृत नभएका ई-रिक्सा र अटो कोहलपुरमा चल्न नपाउने



नेपालगन्ज । बाँकेको कोहलपुर नगरपालिकाले नगर क्षेत्रभित्र सञ्चालन भइरहेका अटो तथा विद्युतीय रिक्सा (ई-रिक्सा) अनिवार्य रूपमा सूचीकृत गर्नुपर्ने व्यवस्था गरेको छ। सूचीकृत नगरिएका अटो तथा ई-रिक्सा नगर क्षेत्रमा सञ्चालन गर्न नदिइने नगरपालिकाले जनाएको छ।

नगरपालिकाले सातदिने सार्वजनिक सूचना जारी गर्दै सूचीकृत नभएका अटो तथा ई-रिक्सा नगर क्षेत्रमा सञ्चालन गर्न नदिने चेतावनी दिएको हो।

नगरपालिकाका अनुसार 'अटो तथा विद्युतीय रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमनसम्बन्धी कार्यविधि, २०७९' को दफा ३ बमोजिम नगर क्षेत्रमा अटो तथा ई-रिक्सा सञ्चालनको अनुमति लिनुअघि कोहलपुर नगरपालिकामा सूचीकृत हुनुपर्ने व्यवस्था छ।

सोही व्यवस्थाअनुसार नगर क्षेत्रमा सञ्चालन गर्न इच्छुक अटो तथा ई-रिक्सा व्यवसायी र चालकलाई आवश्यक कागजातसहित सूचीकृत हुन आग्रह गरिएको कोहलपुर नगरपालिकाका नगर प्रमुख पूर्णप्रसाद आचार्यले बताए।

उनले नगरपालिकामा सूचीकृत भएका अटो तथा ई-रिक्साको पहिचानका लागि कार्यालयबाट स्टिकर टाँस गरिने जनाउँदै सूचीकृत नभएका सवारीसाधनलाई नगर क्षेत्रमा सञ्चालन अनुमति नदिइने बताए । अनुमति नलिई सञ्चालनमा रहेका अटो तथा ई-रिक्सालाई नियन्त्रणमा लिएर नियमानुसार कारबाही गरिने उनले बताए । सूचीकरणका लागि यातायात व्यवस्था कार्यालयमा दर्ता भई नियमानुसार नवीकरण गरिएको सवारी दर्ता किताबको प्रतिलिपि, बिमासम्बन्धी कागजात, सवारी चालक अनुमतिपत्र तथा सवारीधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्ने नगरपालिकाले जनाएको छ।

कोहलपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर गिरीले नगरपालिकाले अटो तथा ई-रिक्सा सञ्चालनलाई व्यवस्थित, नियमन तथा व्यवस्थापन गर्ने उद्देश्यले सूचीकरण प्रक्रिया अघि बढाएको बताए । उनले नगर क्षेत्रमा ठुलो संख्यामा अटो तथा ई-रिक्सा सञ्चालन भइरहेकाले तिनको अभिलेख व्यवस्थापन, पहिचान र नियमनका लागि सूचीकरणलाई अनिवार्य गरिएको जनाए।

नगरपालिकाद्वारा जारी सूचनामा निर्धारित अवधिभित्र आवश्यक कागजातसहित सूचीकरण नगर्ने सबै अटो तथा ई-रिक्सालाई कारबाहीको दायरामा ल्याइने चेतावनी दिइएको छ।

सिजन ...

फार्ममा आउने मानिसले आँपको बगैँचा हेर्न सकून्, विभिन्न प्रजातिका फलफूल र तरकारीबारे बुझ्न सकून्, पशुपन्छी पालन प्रत्यक्ष अवलोकन गर्न सकून् भन्ने उनको योजना छ ।त्यससँगै फार्मलाई अर्गानिक एग्रो रिसोर्टका रूपमा विकास गर्ने उनको दीर्घकालीन सोंच छ। यसले उनको फार्मलाई उत्पादनको केन्द्रसँगै अवलोकन र अनुभवको गन्तव्य बनाउन सक्नेछ।

**बगैँचामा पाकिरहेको एउटा सम्भावना**

१५/१६ कठाबाट सुरु भएको नुरुधिन शाहको कृषि यात्रा अहिले २० बिघासम्म पुगेको छ । यात्रामा उनले जमिन मात्रै बढाएका छैनन्, कृषि गर्ने तरिका पनि परिवर्तन गरेका छन् । एउटै बालीमा निर्भर नहुने, उत्पादन विविध बनाउने, बजार खोज्ने र उपभोक्ताको स्वास्थ्यलाई ध्यान दिने उनको प्रयास छ। अहिले भने उनको बगैँचामा पाकिरहेको अल्फान्जोले अर्को सम्भावनाको कथा भनिरहेको छ।

बजारबाट अधिकांश आँप हराउँदैछन्, शाहको बगैँचामा अल्फान्जो अझै पाकिरहेको छ । यही ढिलो पाक्ने विशेषताले उनलाई बजारमा थप केही समय टिकाइरहेको छ।

प्रतिगोटा रुखबाट उत्पादन, उत्पादनबाट बजार, बजारबाट आम्दानी र अब त्यही अनुभवबाट अरू किसानलाई बिरुवा बाँड्ने तयारी–शाहको अल्फान्जो यात्रा यही चक्रमा अघि बढिरहेको छ।

रुपन्देहीको गर्मीमा फैलिएको उनको बगैँचा अहिले केवल आँपको बगैँचा होइन । यो परम्परागत खेतीबाट व्यावसायिक कृषितर्फ बदलिँदै गरेको एउटा किसानको प्रयोगशाला बनेको छ।

जहाँ सिजन सकिँदा पनि केही आँपका रुखले फल दिइरहेका छन् र ती फलसँगै नुरुधिन शाहको नयाँ कृषि सम्भावनाको कथा पनि बजारतर्फ गइरहेको छ।


## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख मिति २०८३।०३।३० गते रामग्राम वडा नं १३ देखि परासी आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय अथवा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : अनिता कुमारी गुप्ता
ठेगाना : रामग्राम वडा नं -१३नवलपरासी
बिमा लेख नं : २५११११६७०
मोबाइल न : ९८६७८९६२७८

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# मोबाइलको स्क्रिनमा हराएको समाज

सुजता क्षेत्री

'के तपाईं एक दिन मोबाइल बन्द गर्न सक्नुहुन्छ ?'

सायद यो प्रश्न सुन्नासाथ धेरैको उत्तर हुन्छ- 'असम्भव !'

आजको समयमा मोबाइलबिना हाम्रो दिन सुरु भएको कल्पना गर्न पनि गाह्रो हुन्छ । बिहान उठ्ने बित्तिकै मोबाइल हेर्ने, सामाजिक सञ्जाल खोल्ने, साथीभाइका सन्देश हेर्ने र विभिन्न भिडियो तथा समाचार हेर्ने हाम्रो दैनिकीको एउटा भाग बनिसकेको छ । दिनभरिमा हामीले कति समय मोबाइलमा बितायौं भन्ने कुरा थाहा नै हुँदैन ! तर के तपाईले कहिल्यै गहिरिएर सोच्नुभएको छ- यदि एक दिनको लागि मोबाइल बन्द गरियो भने के होला ?

कल्पना गरौं, एउटा युवकले यो चुनौती स्वीकार्छ । बिहान उठ्ने बित्तिकै उसले मोबाइल बन्द गर्छ । सुरुमा उसलाई केही असहज महसुस हुन्छ । बारम्बार मोबाइलतिर हात जान्छ । कसैले महत्वपूर्ण सन्देश पठाएको होला कि, सामाजिक सञ्जालमा नयाँ कुरा आएको होला कि भन्ने सोच आउँछ । तर केही समयपछि उसले आफ्नो वरिपरि ध्यान दिन थाल्छ ।

उसले आमासँग बसेर चिया पिउँछ । धेरै दिनदेखि आमाले सुनाउन खोजेका कुराहरु ध्यान दिएर सुन्छ । बुबासँग पनि लामो समयपछि कुराकानी गर्छ । उसलाई महसुस हुन्छ कि मोबाइलमा व्यस्त हुँदा आफूले आफ्नै परिवारका मानिसहरूलाई पर्याप्त समय दिइरहेको रहेनछ ।

दिउँसो ऊ बाहिर निस्कन्छ । मोबाइल हातमा नभएपछि उसको ध्यान वरिपरिको वातावरणतिर जान्छ । उसले बाटोमा हिँडिरहेका मानिसहरू, घर वरिपरिका रुखबिरुवा, आकाश र प्रकृतिलाई ध्यान दिएर हेर्छ । पहिले मोबाइलमा ध्यान दिँदा उसले यी साना तथा सुन्दर कुराहरुलाई बेवास्ता गरिरहेको रहेछ । केही समयपछि उसको साथी भेटिन्छ । सामान्यता उनीहरु मोबाइलमै कुरा गर्थे, तर त्यस दिन मोबाइल नभएकाले उनीहरू आमनेसामने बसेर कुराकानी गर्छन् । पुराना सम्झनाहरु सम्झिन्छन्, हाँस्छन् र एकअर्काको कुरा ध्यान दिएर सुन्छन् । उसलाई लाग्छ- मोबाइलमा कुरा गर्नुभन्दा प्रत्यक्ष भेटेर कुरा गर्नुको आनन्दनै फरक रहेछ ।

साँझ पर्दासम्म उसलाई मोबाइल चलाउने इच्छा पहिलेको जस्तो हुँदैन । बरु उसले आफ्नो दिनलाई सम्झिन्छ । उसले कुनै पोस्ट गरेको छैन, कुनै भिडियो हेरेको छैन । तर पनि उसको दिनखेर गएको छैन । उल्टै, धेरै समयपछि उसले आफ्नो परिवार, साथी र वरिपरिको संसारलाई नजिकबाट महसुस गरेको हुन्छ । यो घटना घटना काल्पनिक हुन सक्छ । तर एउटा गम्भीर प्रश्न अझै बाँकी छ के 'हामीलेअन्तिम पटक आफ्ना मानिसहरुलाई मोबाइललाई भन्दा बढी समय कहिले दिएका थियौं ?'

मोबाइल आफैमा नराम्रो कुरा होइन । यसको सही प्रयोगले हामीलाई धेरै फाइदा पुर्‍याउँछ । पढाइका लागि आवश्यक जानकारी खोज्न, समाचार हेर्न, टाढा रहेका मानिसहरुसँग कुराकानी गर्न तथा विभिन्न नयाँ कुरा सिक्न मोबाइल उपयोगी साधन हो । समस्या मोबाइल होइन, हामीले त्यसलाई कसरी र कति समय प्रयोग गर्छौं भन्ने कुरामा हो । आज एउटै घरमा बसेका परिवारका सदस्यहरू पनि आ- आफ्नै मोबाइलमा व्यस्त देखिन्छन् । सँगै बसेर खाना खाँदा पनि कुराकानी गर्नुभन्दा मोबाइल हेर्ने बानी बढ्दै गएको छ । साथीहरुसँग भेट्दा पनि प्रत्यक्ष कुराकानी गर्नुभन्दा फोटो खिच्ने, सामाजिक सञ्जालमा राख्ने र अरुको पोस्ट हेर्नतर्फ ध्यानजान सक्छ ।

यसरी हामी मानिसहरूसँगै भएर पनि उनीहरूबाट टाढिदै गइरहेका हुन सक्छौ ।

मोबाइलमा केही मिनेट मात्र बिताउँछु भनेर सुरु गरेको समय कहिलेकाहीँ घण्टौंसम्म पुग्छ । एउटा भिडियो हेरेपछि अर्को भिडियो, एउटा पोस्ट हेरेपछि अर्को पोस्ट हेर्दै गर्दा समय बितेको पनि पत्तै हुँदैन । यसरी हाम्रो पढाइ, काम, आराम परिवारसँग बिताउने महत्वपूर्ण समय पनि मोबाइलमै बित्न सक्छ । त्यसैले कहिलेकाहीँ मोबाइलबाट केही समय टाढा बस्नु आवश्यक हुन्छ । दिनभरि मोबाइल बन्द गर्न नसके पनि केही घण्टा मोबाइल नचलाउने, खाना खाने समयमा मोबाइललाई टाढा राख्ने, परिवारसँग कुराकानी गर्दा मोबाइल नहेर्ने जस्ता साना बानीले पनि हाम्रो दैनिकीमा सकारात्मक परिवर्तन ल्याउन सक्छ । मोबाइल हाम्रो जीवनको आवश्यकता हो, तर जीवनको केन्द्र होइन । मोबाइलले हामो समय नियन्त्रण गर्नुको सट्टा हामीले मोबाइलको प्रयोगलाई नियन्त्रण गर्न सिक्नुपर्छ ।

एक दिन मोबाइल बन्द गर्दा संसार रोकिने छैन् । छुटेका सन्देश पछि पनि हेर्न सकिन्छ । सामाजिक सञ्जालका पोस्ट केही घण्टापछि पनि हेर्न सकिन्छ । तर परिवारसँग बिताएको समय भने फर्केर आउँदैन । त्यसैले यदि तपाई आफ्नो जीवनमा केही परिवर्तन ल्याउन चाहनुहुन्छ भने, कुनै ठुलो निर्णय लिनै पर्छ भन्ने छैन् । एक दिन मोबाइल बन्द गरेर हेर्नुहोस् सायद त्यस दिन तपाईंले नयाँ संसार भेट्टाउनुहुन्न । बरु मोबाइलको स्क्रिनमा हराउँदै गर्दा आफूले बिर्सिरहेको आफ्नै संसारलाई फेरि भेट्टाउनुहुन्छ ।

# मालारानीमा कृषि कार्यक्रमको सार्वजनिक सुनुवाइ

अनिल नेपाली

*अर्घाखाँची*

जिल्लाको मालारानी गाउँपालिकामा कृषि क्षेत्रसँग सम्बन्धित वार्षिक कार्यक्रम तथा प्रगतिको सार्वजनिक सुनुवाइ गोष्ठी आयोजना गरिएको छ । नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ सन्धिखर्क, अर्घाखाँचीको आयोजनामा गोष्ठी सम्पन्न भएको हो ।

आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने वार्षिक कार्यक्रम तथा गत आर्थिक वर्ष २०८२/०८३ मा मालारानी गाउँपालिकामा सञ्चालन भएका कृषि क्षेत्रसँग सम्बन्धित कार्यक्रम तथा हासिल भएको प्रगतिको समीक्षा, सार्वजनिक सुनुवाइ र सरोकारवालाबीच छलफल गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको कार्यालय प्रमुख विष्णुबहादुर मगरातीले जानकारी दिए ।

मालारानी गाउँपालिकाको साकिन्धारामा आयोजना गरिएको कार्यक्रममा कृषि क्षेत्रको आधुनिकीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, किसानलाई प्रविधिमैत्री बनाउने, कृषि व्यवसायलाई व्यावसायिक तथा आत्मनिर्भर बनाउने र सरकारी कृषि कार्यक्रमलाई थप प्रभावकारी बनाउने विषयमा छलफल गरिएको थियो ।

कार्यक्रममा मालारानी गाउँपालिका अध्यक्ष दल ब भट्टराईले मन्तव्य राख्दै कृषिको उपादत्वमा वृद्धि गरि रोजगारीका अबसर सिर्जना गर्न अनुदानमा कार्यक्रमलाई व्यबस्थित बनाउन गाउँपालिका निरन्तर लागेको बताए । कार्यक्रममा वडा नं. ६ का अध्यक्ष नुमबहादुर घर्ती, अगुवा कृषक तथा कृषि क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूको सहभागिता रहेको थियो । सार्वजनिक सुनुवाइका क्रममा कृषि क्षेत्रमा सञ्चालन भएका कार्यक्रमको अवस्था, किसानले प्राप्त गरेका सेवा तथा सुविधाको प्रभावकारिता, कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या र आगामी दिनमा सुधार गर्नुपर्ने पक्षका विषयमा समेत छलफल गरिएको थियो । सहभागी कृषकहरूले स्थानीयस्तरमा कृषि उत्पादन बढाउन आवश्यक पर्ने मल, बीउ, सिँचाइ, प्रविधि, बजार तथा प्राविधिक सेवाको सहज पहुँचका विषयमा आफ्ना धारणा राखेका थिए ।

मालारानी गाउँपालिका कृषि उत्पादनका दृष्टिले सम्भावना बोकेको क्षेत्र भए पनि पछिल्लो समय खेतीयोग्य जमिन बाँझिँदै जाने, युवा जनशक्ति वैदेशिक रोजगारी तथा अन्य क्षेत्रमा जाने, उत्पादन लागत बढ्ने र कृषि उपजले उचित बजार मूल्य नपाउनेलगायतका समस्या देखिँदै आएका छन् । यस्तो अवस्थामा कृषि क्षेत्रलाई आधुनिक, व्यावसायिक र उत्पादनमुखी बनाउन सरकारी तथा स्थानीय तहका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका थिए ।

गोष्ठीले विगतमा सञ्चालन भएका कृषि कार्यक्रमको उपलब्धि र प्रभावकारिताको समीक्षा गर्दै आगामी आर्थिक वर्षका कार्यक्रमलाई थप किसानमुखी बनाउन महत्वपूर्ण आधार तयार गर्ने अपेक्षा गरिएको छ । किसानका वास्तविक आवश्यकता पहिचान गरी सोहीअनुसार योजना तथा कार्यक्रम सञ्चालन गर्न सके कृषि उत्पादन वृद्धि हुनुका साथै स्थानीयस्तरमै रोजगारी र आम्दानीका अवसर सिर्जना गर्न सकिने बताइएको थियो ।

कार्यक्रममार्फत कृषि क्षेत्रमा सञ्चालन भएका कार्यक्रमको प्रगति, उपलब्धि तथा आगामी योजनाबारे सरोकारवालालाई जानकारी गराउनुका साथै कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या र चुनौतीबारे प्रत्यक्ष रूपमा सुझाव तथा प्रतिक्रिया संकलन गरिएको थियो ।

स्थानीय किसान, जनप्रतिनिधि तथा कृषि क्षेत्रका सरोकारवालाबिच प्रत्यक्ष छलफल र सार्वजनिक सुनुवाइले सरकारी कार्यक्रमको पारदर्शिता र जवाफदेहिता बढाउनसमेत सहयोग पुग्ने आयोजकको विश्वास छ । आगामी दिनमा किसानको माग र आवश्यकता सम्बोधन गर्दै उत्पादनमा आधारित कृषि कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा समेत कार्यक्रममा जोड दिइएको थियो ।

मालारानी कृषि क्षेत्रको सम्भावनालाई उपयोग गर्दै स्थानीय उत्पादन वृद्धि, आधुनिक प्रविधिको प्रयोग, व्यावसायिक खेतीको विस्तार र किसानको आयआर्जन बढाउने दिशामा सरकारी तथा स्थानीय तहका कार्यक्रमलाई समन्वयात्मक रूपमा अघि बढाउनुपर्ने आवश्यकता रहेको सहभागीहरूको भनाइ थियो ।

सार्वजनिक सुनुवाइमार्फत् प्राप्त सुझाव तथा प्रतिक्रियालाई आगामी कार्यक्रम निर्माण तथा कार्यान्वयनमा उपयोग गर्दै कृषि क्षेत्रलाई थप प्रभावकारी र परिणाममुखी बनाउने उद्देश्य आयोजकले राखेको छ। कार्यक्रममा गाउँपालिका कृषि अधिकृत बिमल केसि उच्च मूल्य कृषि बस्तु उधममशीलता कार्यक्रम सयोजकअ उद्धब बुढा वडा सदस्य लालु राना स्थानीय अगुवा कृषक तुल्सी बित्रम ठकुरीलगायतले मन्तव्य राखेका थिए ।

# भारतीय सागसब्जीमा कडाइ, बाँकेका किसानका उत्पादनले पायो बजार



बाँके । बजार मूल्य राम्रो पाउन थालेपछि बाँकेका किसान व्यावसायिक सागसब्जी खेतीतर्फ आकर्षित भएका छन् । विगतमा निर्वाहमुखी खेती गर्दै आएका किसानसमेत अहिले व्यावसायिक रूपमा सागसब्जी खेती गर्न अग्रसर भएको कृषि ज्ञान केन्द्र बाँकेका निमित्त प्रमुख वरिष्ठ कृषि प्रसार अधिकृत सुजिता शर्माले जानकारी दिइन् ।

उनका अनुसार अहिले बाँकेमा ६ हजार ३५२ हेक्टर जमिनमा वार्षिक करिब १३ मेट्रिकटन सागसब्जी उत्पादन हुने गरेको छ । कृषि ज्ञान केन्द्रले महिला तथा बालबालिका पोषण सुधार कार्यक्रमअन्तर्गत एक हजार ३५० किसानलाई लौका, फर्सी, करेलालगायत हिउँदे सागसब्जी बालीका बीउ वितरण गरेको छ ।

भारतबाट आयात हुने सागसब्जीमा भन्सारमा कडाइ गरिएपछि बाँकेका किसानले उत्पादन गरेको सागसब्जी खेतबारीबाटै राम्रो मूल्यमा बिक्री हुन थालेको छ । पछिल्लो समय नगदे बालीका रूपमा सागसब्जी खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको शर्माले बताए ।

बाँकेको डुडुवा गाउँपालिका-६ हिरमिनिया, नेपालगञ्ज उपमहानगरपालिका-१४ भवानीयापुर, १७ परसपुर, १९ बसुदेवपुर, २१ पुरैनी र २२ पुरैनाका विभिन्न गाउँमा किसानले व्यावसायिक तरकारी खेती गर्दै आएका छन् ।

गाउँका धेरै किसानले अहिले सागसब्जी खेती गर्न थालेको नेपालगञ्ज-१९ का अगुवा किसान गोपी यादवले बताए । "पहिले सागसब्जी बिक्री गर्न टाढाटाढा पुग्नुपर्थ्यो, अहिले खेतबारीबाटै राम्रो मूल्यमा बिक्री हुन थालेपछि गाउँमा सागसब्जी खेती गर्ने किसान बढ्दै गएका छन् ।"-उनले भने ।

भारतबाट आयात हुने सस्तो सागसब्जीसँग प्रतिस्पर्धा गर्न नसकेका स्थानीय किसानले अहिले उत्पादनको राम्रो मूल्य पाउन थालेका छन् । भारतबाट आउने सागसब्जीको भन्सारमा कडाइ गरिएपछि बाँकेका किसानले उत्पादन गरेको उत्पादनले बजार पाएको नेपालगञ्जस्थित रानीतलाउ कृषि उपज बजार सञ्चालक समितिका अध्यक्ष मोतिसरा थापा क्षेत्रीले बताइन् ।

उनका अनुसार नेपालगञ्जको रानीतलाउ बजारमा अहिले बाँकेमै उत्पादन भएको सागसब्जी आउने गरेको छ । भारतबाट बिक्रीका लागि ल्याइने सागसब्जी भन्सार गर्नुपर्ने प्रावधानका कारण स्वदेशी कृषि उपजले बजार पाएको हो । भारतबाट भन्सार तिरेर कृषि उपज ल्याउँदा महँगो पर्ने भएकाले व्यवसायीले आयात घटाएका छन् ।

यतिबेला नेपालगञ्जको बजार बाँकेका किसानले व्यावसायिक रूपमा उत्पादन गरेका फूलगोभी, बन्दागोभी, लौका, फर्सी, काँक्रा, बोडी, गोलभेडा, खुर्सानीलगायत कृषि उपजले धानेको छ । आयात घटेपछि आफूहरूले उत्पादन गरेको सागसब्जीले राम्रो मूल्य पाएको नेपालगञ्ज उपमहानगरपालिका-२१ पुरैना गाउँका किसान जलालुद्दीन बागवानले बताए ।

विगतमा मण्डीमा लैजाँदासमेत सस्तो मूल्यमा बिक्री गर्नुपर्ने अवस्था रहे पनि अहिले बारीबाटै राम्रो मूल्यमा बिक्री भइरहेको उनले जनाए ।









## बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रवरका ड्ुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामग्री तयारी अवस्थामा राखौं,
- बर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा

डिजाइनका साथै सम्पूर्ण छपाईको लागि

सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/
अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com





सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com